स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०२ संख्याः ०४ मितिः २०७५।०६।२७**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७५।०६।२५ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि-२०७५"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :-** राष्ट्रले अँगालेको संघीयताको नीति अनुसार स्थानीय स्तरमा विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समिति गठनलाई व्यवस्थितगर्न आवश्यक भएकाले स्थानीय शिक्षा ऐन २०७४ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी विरुवा गाउँपालिका गाउँ कार्यपालिकाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थान समितिको गठन सम्बन्धी कार्यविधि २०७५ जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम **विरुवा गाउँपालिकाको विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०७५** रहेको छ ।

१.२ यो कार्यविधि बिरुवा गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कायविधिमा

क. **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ख. **"व्यवस्थापन समिति"** भन्नाले स्थानीय शिक्षा ऐन २०७४ को दफा १९ को उपदफा १ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ग. **"सहयोग समिति"** भन्नाले विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट गर्नका लागि गाउँपालिकाको शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रधानाध्यापक, स्रोतव्यक्ति र सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको सदस्य सहित चार सदस्यीय छनौट सहयोग समितिलाई सम्झनु पर्छ ।

घ. **"अभिभावक"** भन्नाले व्यवस्थापन समितिको सदस्यहरू छनौट गर्ने प्रयोजनको लागि सोही विद्यालयको कक्षा १ - १२ मा अध्ययनरत विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मध्ये विद्यालयको अभिलेखमा जनाएको व्यक्ति मानिनेछ ।

ङ. **"चन्दा दाता"** भन्नाले सामुदायिक विद्यालयलाई रकम, घर, जग्गा उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनु पर्छ ।

च. **"संस्थापक"** भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरु देखि निरन्तर सहयोग पुऱ्याउने वा सो को अगुवाई गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

छ. **"शिक्षाप्रेमी/बुद्धिजिबी"** भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिबृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्याउने व्यक्ति सम्झनु पर्छ ।

ज. **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको वैशाख १ देखि चैत्र मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## उद्देश्य

**३. उद्देश्यः** यो कार्यविधि जारी गर्नुका उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

३.१ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य छनौट गर्न अभिभावकलाई सहयोग पुर्‍याउने ।

३.२ स्थानीय शिक्षा ऐन २०७४ को दफा १९ को उपदफा १ मा उल्लेख भए बमोजिमको विद्यालय व्यवस्थापन समिति गठनमा सहयोग पुर्‍याउने ।

## परिच्छेद - ३

## अभिभावकको नामावली

**४. अभिभावकको नामावली सम्बन्धी व्यवस्थाः**

४.१ प्रधानाध्यापकले शैक्षिक सत्र शुरु भएको तीस दिनभित्र विद्यार्थीका अभिभावकको नामावली अद्यावधिक गरी राख्नुपर्ने छ ।

यसरी उपनियम १ बमोजिम अभिभावकको नामावली अद्यावधिक गर्दा विद्यार्थीको भर्ना गर्दा अभिभावक भनी तोकिएका बाबु, आमा, बाजे, बज्यै मध्ये कुनै एक जना (छोरापट्टी) को नाम अभिभावकको रुपमा लेखी दस्तखत गराउनु पर्नेछ । यसरी दस्तखत सम्भव नभए अभिभावक भनी विद्यार्थी भर्ना फाराममा विद्यार्थीले लेखी दस्तखत गरेको हुनुपर्नेछ ।

४.२ प्रधानाध्यापकले उपनियम (१) बमोजिम शैक्षिक सत्रको शुरुमा अभिभावकको नामावली अद्यावधिक गर्दा सात दिनको सूचना दिई अभिभावकको नामावली हेरफेर गर्न वा सच्याउन अवसर प्रदान गर्नु पर्नेछ । यसरी सूचनामा तोकिएको मितिभित्र सप्रमाण अभिभावकको नामावली सच्याउन निवेदन परेमा प्र.अ.ले फरक परेको नाम हेरफेर को परिच्छेद ६ को नियम २४ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको भन्दा बाहेकको नामावली समावेश गर्न पाइने छैन । एक शैक्षिक सत्रको लागि यसै नामावलीलाई आधिकारिक मान्नु पर्नेछ । यसपछि थपघट गर्न वा सच्याउन सकिने छैन ।

४.३ अभिभावकको नामावली प्रकाशन गर्दा उच्च माध्यामिक तहको कक्षा समेत समावेश गरिनेछ । तर प्रारम्भिक बालविकास/पूर्व प्राथमिक कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरूलाई यस प्रयोजनको लागि अभिभावक मानिने छैन ।

४.४ एकै अभिभावकका एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा पनि उक्त अभिभावकले मत प्रकट गर्नुपर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ ।

४.५ विद्यालयमा भर्ना भई बीचैमा विद्यालय छाडेमा उक्त अभिभावकको पद स्वत : रिक्त भएको मानिनेछ ।

## परिच्छेद - ४

## सदस्यको छनौट सम्बन्धी व्यवस्था

**५. सदस्यको छनौट सम्बन्धी व्यवस्था :**

१. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरूको छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरु भएको ३० दिन भित्र कम्तीमा सात दिनको सूचना दिई प्रधानाध्यापकले अभिभावकको भेला बोलाउनुपर्नेछ । तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्यको छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्तु हुनु भन्दा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष र सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावक भेला गराउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिम अभिभावक भेला बोलाउने मिति तय गर्दा विद्यालय व्यवस्थापन समिति छनौट सहयोगसमितिको संयोजक र सदस्यहरूसँग राय लिई मिति तय गर्नुपर्ने छ ।

**६. छनौट सहयोग समिति :**

१. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरू छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्न देहायको समिति गठन हुनेछ ।

क) सम्बन्धित गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निज उपलब्ध नभएमा प्रमुख प्रशासकीय अधिकृतले खटाएको कर्मचारी - संयोजक

ख) सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति - सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

घ) सम्वन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्य     सदस्य

यस उपनियमको प्रयोजनको लागि प्रधानाध्यापकले सदस्य सचिबको समेत जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । यस समितिका सदस्यहरू मध्ये संयोजक समेत बहुमत सदस्य उपस्थित नभई गरेको कार्य मान्य हुने छैन ।

२. निर्वाचन भएर छनौट हुने अवस्थामा छनौट सहयोग समितिले निर्वाचन कार्यमा शिक्षक, कर्मचारी तथा कानुन व्यवसायीलाई खटाउन सक्नेछ ।

**७. छनौट कायक्रम प्रकाशित गर्ने:**

१) प्रधानाध्यापकले व्यवस्थापन समितिका सदस्यहरू छनौट गर्ने मितिमा विहान १० बजे छनौट कार्यक्रमको सूचना अनुसूची १ बमोजिमको ढाँचामा प्रकाशित गर्नुपर्ने छ ।

**८. छनौट कार्यक्रमको विषय:**

१. नियम ७ बमोजिम मनोनयन पत्र दर्ता गर्ने, उमेदवारको मनोनयन पत्र दर्ता भएको सूची प्रकाशित गर्ने, उमेदवारको विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, उमेदवारको नामावली प्रकाशित गर्ने, उमेदवारको नाम फिर्ता लिने र उमेदवारको अन्तिम नामावली प्रकाशित गर्ने र सहमतिका आधारमा एक जना उमेदवारलाई छनौट गरी पठाउन अभिभावकलाई दिने समय उल्लेख गर्नुपर्ने छ ।

**९. छनौट प्रक्रिया:**

१. सामान्यतया विद्यालय व्यवस्थापन समितिका सदस्य छनौटका लागि निर्वाचन गरिने छैन ।

२. नियम ८ बमोजिम कार्यक्रमको समय किटानी गरी प्रकाशित कार्यतालिका अनुसार छनौट सहयोग समितिले उमेदवारको मनोनयन दर्ता गर्ने, उमेदवारको मनोनयन पत्र दर्ता भएको सूचना

प्रकाशित गर्ने, उमेदवारको विरोधमा परेका उजुरी लिने, मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, उमेदवारको नामावली प्रकाशित गर्ने, उमेदवारले नामा फिर्ता लिन चाहेमा फिर्ता दिने र उमेदवारको अन्तिम नामावली प्रकाशित गर्ने र सहमतिका आधारमा एकजना उमेदवारको नाम छनौट गरी पठाउन समय निर्धारण गर्ने र उक्त समयभित्र छनौट हुन नसकेमा भोलिपल्टै दोस्रो भेला आयोजना गरी सहमति गरी छनौट गरी पठाउन समय निर्धारण गर्ने । दोस्रो भेलाले पनि अध्यक्ष र सदस्य छनौट गरी पठाउन नसकेमा दोस्रो भेलाको भोलिपल्टै तेस्रो भेला आयोजना गरी सहमति गरी अध्यक्ष र सदस्य छनौट गरी पठाउनुपर्नेछ । तेस्रो भेलाले सहमति गराई अध्यक्ष र सदस्यको छनौट गर्न नसकेमा छनौट सहयोग समितिले उमेदवारहरू बीच गोलाप्रथा गराई वा निर्वाचन प्रकियाद्धारा अध्यक्ष र सदस्यको छनौट गर्नुपर्ने छ ।

**१०. गणपुरक संख्याः**

१. सम्पूर्ण अभिभावक मध्ये ५० प्रतिशत भन्दा बढी अभिभावकको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

२. तोकिएको मितिमा अभिभावक भेलाको गणपुरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट पुनः भेला बोलाइनेछ । यसरी भेला हुँदा २५ प्रतिशत अभिभावक भेला भए पनि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. यसरी पनि गणपुरक संख्या नपुगेमा त्यसको भोलिपल्ट जति जना उपस्थित हुन्छन् त्यसैलाई गणपुरक संख्या मानी भेला गरिनेछ ।

४. कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन ।

५. भेलामा बहुमतको निर्णय मान्य हुनेछ ।

६. भेलाले गरेको कुनै निर्णय उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सकिनेछ ।

**११. भेलाको अध्यक्षता :**

१. विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त हुनुपूर्व बोलाइएको भेलाको अध्यक्षता विद्यालय व्यवस्थापन समितिको अध्यक्षले गर्नेछ ।

२. उपनियम १ बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त भईसकेको र शिक्षक अभिभावक संघको निर्धारित पदावधि कायम रहेको अवस्थामा शिक्षक अभिभावक संघको अध्यक्षले भेलाको अध्यक्षता गर्नेछ ।

३. उपनियम १ र २ बमोजिमको अवस्था नरहेको अवस्थामा छनौट सहयोग समितिको संयोजकले भेलाको अध्यक्षता गर्नेछ ।

**१२. व्यवस्थापन समितिको सदस्य हुन नसक्नेः**

देहायको व्यक्ति व्यवस्थापन समितिको  सदस्यको उमेदवार हुनसक्ने छैन ।

क) गैरनेपाली नागरिक,

ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

ग) प्राथमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि सामान्य लेखपढ गर्न नजान्ने नि.मा.वि.को व्यवस्थापन समितिका अध्यक्ष हुनका लागि कम्तीमा कक्षा ८ उत्तीर्ण नगरेको र माध्यामिक उच्च माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको । तर निम्नमाध्यामिक र माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुनसक्नेछ ।

घ) कानूनद्धारा तोकिएको प्रतिनिधित्वको अवस्था बाहेक विद्यालयमा (अन्य विद्यालय समेत) कार्यरत शिक्षक वा कर्मचारीको पदमा वहाल रहेको ।

ङ) संस्थागत विद्यालयको संस्थापक, सञ्चालक, शिक्षक र कर्मचारी,

च) नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने राष्ट्रसेवक कर्मचारी, स्थानीय निकायको कर्मचारी,

छ) विद्यालयमा अध्ययनरत विद्यार्थी

ज) प्रचलित कानुनबमोजिम कालो सूचीमा परेको, झ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

ञ) भेलाबाट छनौट हुने सदस्यको हकमा अभिभावकको सूचीमा नाम समावेश नभएको ।

ट) विद्यार्थी विद्यालयमा भर्ना भएको तर उसको हाजिरी वि.व्य.स.को पहिलो भेला राखेको मितिसम्म उक्त शै.स.मा विद्यालयमा पठनपाठन भएको दिनको ७०% भन्दा कम उपस्थित भएको विद्यार्थीकाअभिभावक अध्यक्ष र भेलाबाट छनौट हुने सदस्यको उमेदवार हुन सक्ने छैनन् ।

ठ) मानसिक अवस्था ठीक नभएको ।

**१३. उमेदवारको उमेरको गणना**:

१. उमेदवारको उमेरको गणना गर्दा पहिलो अभिभावक भेलामा मनोनयन दर्ता गर्ने मितिसम्म २५ वर्ष पूरा भएको हुनुपर्ने छ ।

**१४. उमेदवारको मनोनयन**:

१. उमेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनयन दर्ता गर्न सक्नेछ । मनोनयन अनुसुची २ मा उल्लिखित फारामको ढाँचामा हुनुपर्ने छ ।

२. उपनियम १ बमोजिम मनोनयन दर्ता गराउन एक जना प्रस्तावक र अर्को एक जना समर्थक हुनुपर्ने छ । प्रस्तावक र समर्थक अभिभावकको सूचीमा नाम दर्ता भएको व्यक्ति हुनुपर्ने छ ।

**१५. मनोनयन दर्ता गराउने व्यक्ति**:

१. मनोनयन उमेदवार आफैले छनौट सहयोग समितिमा दर्ता गराउनुपर्ने छ ।

**१६. धरौटी राख्नुपर्ने**:

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य पदमा उमेदवार हुन मनोनयन पत्रसाथ देहायको धरौटी रकम नगदै वा विद्यालयको खातामा जम्मा गरेको नगदी रसिद पेश गर्नुपर्नेछ ।

क) माध्यामिक विद्यालयको सदस्यका लागि रु २,०००।-

ख) आधारभूत विद्यालयको सदस्य पदका लागि रु १,०००।-

२. निर्वाचन प्रक्रियामा नगई वा अन्य कुनै कारणबाट आवेदन अस्वीकृत भएको अवस्थामा बाहेक धरौटी रकम फिर्ता गरिने छैन र जम्मा भएको रकम विद्यालयको खातामा जम्मा गरिनेछ ।

**१७. मनोनयन पत्र दर्ता गर्नु भन्दा पहिले जाँची रित नपुगेको सूचना दिने:**

१. छनौट सहयोग समितिले प्राप्त हुन आएका मनोनयन पत्र दर्ता गर्नु भन्दा पहिले देहायको आधारमा जाँची रित नपुगेको भए रीत पुऱ्याउन लगाउनु पर्नेछ र तोकिएको रित पुऱ्याएर ल्याएमा उमेदवारी दर्ता गरिदिनुपर्ने छ ।

क. प्रस्तावक, समर्थक र उमेदवारको सही भएको हुनुपर्छ ।

ख. तोकिएको धरौटी रकम जम्मा गरेको हुनु पर्छ ।

ग. उमेदवारको अभिभावक सूचीमा नाम भएको प्रमाण क्रम संख्या ।

घ. प्रस्तावक र समर्थक दोहोरिएको हुनु हुँदैन ।

ङ. मनोनयन पत्र अनुसूची २ को ढाँचामा हुनुपर्नेछ ।

**१८. उमेदवारको सूची प्रकाशित गर्ने:**

१. मनोनयन पत्र दर्ता गर्ने समय समाप्त भएपछि छनौट सहयोग समितिले दर्ता भएको मनोनयन पत्रमा उल्लिखित सबै उमेदवारको सूची अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरी प्रकाशित गर्नुपर्ने छ ।

**१९. मनोनयन भएका उमेदवारको दावी विरोधमा उजुरी दिन सक्ने**

१. नियम १८ बमोजिम प्रकाशित उमेदवारको योग्यता सम्बन्धमा कुनै उमेदवारले उजुरी दिन चाहेमा छनौट सहयोग समिति समक्ष उजुरी दिन सक्ने छ । उजुरी साथ रु ५०० धरौटी राख्नुपर्नेछ ।

२. उपनियम १ बमोजिम उजुरी दिन ल्याएमा छनौट सहयोग समितिले दर्ता गरी म्याद सकिएपछि उजुरी दर्ताको सूचना अनुसूची ४ को ढाँचामा प्रकाशित गर्नु पर्नेछ ।

**२०. दावी विरोधको निर्णय गर्ने:**

१. कुनै उमेदवारको सम्बन्धमा नियम १९ को उपनियम १ बमोजिमको उजुरी उपर जाँचबुझ गर्दा छनौट सहयोग समितिले देहायको अवस्थामा मनोनयन पत्र वदर गर्नुपर्नेछ । उजुरी झुट्टा ठहरे धरौटी जफत गर्नु पर्नेछ ।

क. यस कार्यविधिको नियम १२ मा उल्लिखित योग्यता पूरा नभएको ।

ख. उमेदवारको मनोनयन गर्ने प्रस्तावक र समर्थकको सही छाप नभएको वा किर्ते सही छाप भएको । ग. छनौट कार्यक्रममा तोकिएको समयभित्र मनोनयन पत्र दर्ता नभएको ।

घ. अनुसूची २ मा दिइएको ढाँचमा मनोनयन पत्र दर्ता नभएको ।

ङ. अभिभावकको नामावलीमा नाम दर्ता नभएको । तर प्रस्तावक र समर्थक दोहोरिएको पाइएमा सम्बन्धित उमेदवारलाई सच्याउने मौका दिनु पर्नेछ । मनोनयन पत्रमा भएको सानोतिनो भुलचुकको कारणबाट मात्र मनोनयन पत्र वदर हुने छैन ।

**२१. सानोतिनो भुलले फरक नपार्नेः**

१. सानोतिनो भूलचुक भन्नाले मतदाता नामावली वा मनोनयन पत्रमा उमेदवार, प्रतावक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, वतन वा क्रम संख्याको लेखाइ वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अंकको त्रुटि भएमा सो त्रुटिले कुनै तात्विक फरक नपार्ने त्रुटिलाई जनाउने छ ।

**२२. उमेदवारको नामावली प्रकाशित गर्ने :**

१. उमेदवारको नामावली प्रकाशित गर्दा छनौट सहयोग समितिले मनोनयन पत्र जाँच गरी सकेपछि रित पुगेको मनोनयन पत्र बमोजिमका उमेदवारहरूको नामावली अनुसूची ५ को ढाँचामा प्रकाशित गर्नुपर्ने छ ।

**२३. नाम फिर्ता लिन सक्ने :**

१. नियम २१ बमोजिम प्रकाशित नामावलीमा उल्लेख भएको उमेदवार नहुने इच्छा गरी आफ्नो नाम हटाउन चाहेमा छनौट कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन दिई नाम फिर्ता लिन सक्ने छ । छनौट सहयोग समितिले अनुसूची ७ को ढाँचामा उमेदवारको नाम हटाइएको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**२४. उमेदवारको अन्तिम नामावली प्रकाशित गर्नेः**

१. छनौट कार्यक्रममा उल्लेख भए अनुसार उमेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि छनौट सहयोग समितिले बाँकी रहेका उमेदवारको नामावली अनुसूची ८ को ढाँचामा प्रकाशित गर्नुपर्ने छ । अन्तिम नामावली प्रकाशित गर्दा उमेदवारको वर्णानुक्रम अनुसार लेख्नु पर्नेछ ।

**२५. निर्विरोध छनौट भएको घोषणा :**

१. छनौट सहयोग समितिले अध्यक्ष वा सदस्यको पदमा एकमात्र उमेदवारी परेमा वा उमेदवारले नाम फिर्ता लिएमा वा उमेदवारीको रित नपुगेको कारणबाट एकमात्र उमेदवारी कायम रहेमा त्यस्तो उमेदवारलाई अध्यक्ष वा सदस्यको पदमा निर्विरोध छनौट भएको घोषणा गर्नुपर्नेछ । निर्विरोध छनौट भएको घोषणा अनुसूची ९ बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

**२६. निर्वाचन चिन्ह प्रदान गर्ने**

१. छनौट सहयोग समितिले उमेदवारको अन्तिम नामावली प्रकाशित गरे पछि सो नामावलीमा एकभन्दा बढी उमेदवार कायम रही निर्वाचनमा जानुपर्ने अवस्था आएमा निर्वाचन चिन्ह निर्धारण गरी ती उमेदवारलाई देहाय बमोजिम निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

क. उमेदवारको लागि निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट छनौट सहयोग समितिले प्रत्येक उमेदवारलाई निजको नामको वर्णानुक्रम अनुसार एउटा चिन्ह रोज्न लगाई निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

ख. उपनियम (क) बमोजिम चिन्ह रोज्न लगाउँदा एक भन्दा बढी उमेदवारले एउटै चिन्ह रोजेमा छनौट सहयोग समितिले एउटै चिन्ह रोज्ने उमेदवार बीच गोला प्रथाद्धारा चिन्ह वितरण गर्नुपर्नेछ ।

**२७. निर्वाचन चिन्ह प्रदान गरेको सूचना प्रकाशित गर्नेः**

१. निर्वाचन चिन्ह प्रदान गरेपछि सोको सूचना अनुसूची १० बमोजिमको ढाँचामा तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

**२८. निर्वाचन प्रक्रिया निर्वाचन आयोगले निर्धारण गरे बमोजिम हुने**

१. निर्विरोध वा सहमतिको आधारमा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छनौट हुन नसकी निर्वाचन गर्नुपर्ने अवस्था आएमा निर्वाचन आयोगले निर्धारण गरेको स्थानीय निर्वाचन निर्देशिका बमोजिम निर्वाचन गराउनु पर्नेछ ।

२. उपनियम १ बमोजिम निर्वाचन गराउन आवश्यक पर्ने मतपत्र, मतपेटीका, कर्मचारी व्यवस्था र सुरक्षाको लागि लाग्ने सम्पूर्ण खर्च विद्यालयले व्यहोर्नु पर्ने छ ।

## परिच्छेद - ५

## विविध

**२९. अनुदान रोक्न सक्नेः**

१. विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट गर्न बसेको अभिभावकको तेस्रो भेलाबाट पनि सदस्य छनौट हुन नसकेमा सदस्य छनौट नभएसम्मका लागि उक्त विद्यालयलाई उपलब्ध गराउँदै आएको जुनसुकै सरकारी अनुदान गाउँ कार्यपालिकाले रोक्का गर्न सक्ने छ ।

२. सदस्य छनौट भएको जानकारी प्राप्त भएपछि उपनियम १ बमोजिम रोक्का राखिएको अनुदान फुकुवा गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समिति गठन नभएको विद्यालयलाई कुनै पनि सरकारी अनुदान र कार्यक्रम उपलब्ध गराउन गाउँ कार्यपालिका  बाध्य हुनेछैन ।

**३०. पारिश्रमिक व्यवस्था**

१. विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट गर्नका लागि गठित सहयोग समितिका पदाधिकारीहरू र निर्वाचन प्रयोजनमा खटिने व्यक्तिहरूका लागि विद्यालय कोषबाट पारिश्रमिकको व्यवस्था गर्नुपर्नेछ ।

**३१. पदावधि**

१. छनौट भएका सदस्यको पदावधि सामान्यतया ३ वर्षको हुनेछ । सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा यसरी छान्ने अभिभावकले निज/निजहरूलाई जनुसुकै बखत पदबाट हटाउन सक्नेछ ।

२. यो कार्यविधि जारी भएको मितिले ६ महिनाभित्र पदावधि समाप्त भइसकेका सबै सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको छनौट गरी सक्नु पर्नेछ ।

**३२. पदको समाप्ती**

१. अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ ।

क. राजीनामा दिएमा,

ख. मृत्यु भएमा,

ग. कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरिएमा,

घ. भष्टाचार गरेमा,

ङ. लगातार ३ वटा भन्दा बढी बैठकमा विना सूचना अनुपस्थित भएमा,

च. सोही वा अन्य विद्यालयको शिक्षक/कर्मचारी पदमा नियुक्ति भै गएमा,

छ. विद्यार्थीको अभिभावक नरहेमा,

ज. एस.इ.ई. परीक्षामा सहभागी हुने विद्यार्थीको अभिभावकको हकमा विद्यार्थी एस.ई.ई. परीक्षामा सहभागी भएपश्चात, यदि उक्त विद्यालयमा उच्च माध्यामिक तह सञ्चालित छ भने उच्च मा.वि. तहको भर्ना अवधि समाप्त भएपछि,

झ. एस.एल.सी. अनुत्तीर्णको हकमा नतिजा प्रकाशन पश्चात त्यस्ता अभिभावक व्यवस्थापन समितिमा रहन नपाउने,

ञ. एक शै.स.मा विद्यार्थी ७०% भन्दा कम हाजिरी भएमा अभिभावक र वि.व्य.स.बाट हटाउने,

ट. उच्च माध्यामिक तहको विद्यार्थी कक्षा १२ को परीक्षामा सम्मिलित भइसकेपछि त्यस्ता विद्यार्थीका अभिभावक,

ठ. बाल विवाह, बहु विवाह, अनमेल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास जस्ता कार्यहरू गरेमा वा घरेलु हिंसामा संलग्न भएमा ।

**३३. रिक्त पदपूर्ति सम्बन्धी व्यवस्थाः**

१. कुनै विद्यालयको वि.व्य.स. अध्यक्ष वा सदस्यको पदावधि सकिनु अगावै उक्त पद रिक्त भएमा जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मका लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

**३४. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्था**

१. स्थानीय शिक्षा ऐन २०७४ को दफा १९ उपदफा १ को खण्ड (च) बमोजिम वि.व्य.स. मा प्रतिनिधित्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षक स्टाफको छनौट तथा सिफारिसमा हुनेछ ।

२. उपनियम (१) बमोजिम छनौट गर्दा विद्यालयका प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक बोलाई उक्त विषयलाई बैठकको एजेण्डाको रुपमा राखेर सर्व सम्मत वा बहुमतको आधारमा सिफारिस गर्न सकिनेछ ।

३. विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक प्राथमिक तह देखि उच्च मा.वि. तहसम्म स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू मध्येबाट छनौट गरिनेछ । यदि कुनै विद्यालयमा स्वीकृत दरबन्दीका शिक्षक नरहेको अवस्थामा प्राथमिकताको क्रममा शिक्षक अनुदान कोटामा रहेको वा प्रतिव्यक्ति एकाई लागत अन्तर्गत नियुक्त वा निजी स्रोतबाट तलबभत्ता खाने गरी नियुक्त शिक्षकहरू मध्येबाट छनौट गर्न सकिनेछ ।

**३५. चन्दादाता सम्बन्धी व्यवस्थाः**

१. शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ खण्ड ड १ तथा शिक्षा नियमावली २०५९ को नियम २४ क बमोजिम विद्यालय स्थापना काल देखि हालसम्म विद्यालयलाई पचास हजार रुपैयाँ भन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरूमध्येबाट व्यवस्थापन समितिले सदस्यमा मनोनित गर्नु पर्नेछ ।

**३६. उजुरी गर्न सक्नेः**

१. यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका सम्बन्धमा विद्यालयका वास्तविक अभिभावकहरूलाई चित्त नबुझेमा मनासिब कारण सहित छनौट भएको मितिले १५ दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ गाउँ शिक्षा समितिमा समेत दिनुपर्नेछ ।

२. यसरी रित पूर्वकको उजुरी तोकिएको समय भित्र विद्यालयमा प्राप्त भएमा प्र.अ.ले सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकहरूलाई समेत बोलाई छानविन एवं अध्ययन गरी समाधान गर्नु पर्नेछ ।

३. उपनियम (२) बमोजिम विद्यालय व्यवस्थापन समितिले समाधान गर्न नसकेमा गाउँ कार्यपालिका कार्यालयले सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लगाई नियमानुसार निर्णय गर्न सक्नेछ ।

**३७. सहयोग समितिले आवश्यक कार्य गर्न सक्ने :**

१. विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका लागि शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९, स्थानीय शिक्षा ऐन २०७४ तथा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी अन्य थप कार्यविधि तय एवं सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ, निष्पक्ष र मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक कार्य गर्न सक्नेछ ।

**३८. सबैको कर्तव्य हुने :**

१. यस कार्यविधिको पालना गर्नु बिरुवा गाउँपालिकामा रहेका सबै सामुदायिक विद्यालय तथा सरोकारवालाहरूको कर्तव्य हुनेछ ।

**३९. बाधा अड्काउ फुकाउन अधिकारी**ः

१. यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा बिरुवा गाउँकायपालिका, कार्यालय, बिरुवाले आवश्यक परिपत्र गर्न वा निर्देशन दिन सक्नेछ ।

**४०. कार्यविधिमा संशोधन** :

१. यस कार्यविधिमा समयानुकूल संशोधन गर्नुपर्ने अवस्था आएमा बिरुवा गाउँपलिकाले संशोधन गरी लागू गर्न सक्नेछ ।

**४१. बचाउ :**

१. यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए सरह मानिनेछ ।

२. यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची : एक

## (नियम ७ सँग सम्बन्धित)

विद्यालय व्यवस्थापन समितिका  सदस्य छनौट कार्यक्रमसम्बन्धि सूचना

श्री ............................ विद्यालयको विद्यालय व्यवस्थापन समितिका  सदस्य छनौट प्रयोजनका लागि देहायबमोजिमको छनौट कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क.स. | कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | उमेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | | |
| २ | उमेदवारको मनोनयन पत्र दर्ता भएको सूची प्रकाशन गर्ने | | | | | |
| ३ | उमेदवारको विरोधमा उजुरी दिने | | | | | |
| ४ | मनोनयन पत्र र उजुरी | | | | | |
| | जाँचबुझ गरी निर्णय गर्ने | | | | | |
| ५ | उमेदवारको नामावली प्रकाशन गर्ने | | | | | |
| ६ | उमेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | |
| ७ | | | | | | |

## अनुसूची : २

## (नियम १४ सँग सम्बन्धित) उमेदवारको मनोनयनपत्र

(प्रस्तावकले भर्ने)

श्री छनौट सहयोग समिति
............................विद्यालय
......................

.............................. विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य छनौटको लागि श्री .................................. लाई म प्रस्ताव गरी उमदे वार मर्नोनित गदर्छु । निजको विवरण दहोय बमोजिम छ ।

१. पूरा नाम थर : ...................................................... उमेर

................ वर्ष................. लिङ्ग : महिला/पुरुष

ठेगाना ............................................
२. अभिभावक नामावलीमा रहेको मेरो विवरण देहायबमोजिम छ ।
१. पूरा नाम थर : ................................................... उमेर

................ वर्ष................. लिङ्ग : महिला/पुरुष

ठेगाना ............................................
२. अभिभावकको नामावलीमा अभिभावक कम संख्या :

.....................
प्रस्तावक

(समर्थकले भर्ने)
प्रस्तावक श्री .......................... ले माथि उल्लेखित गरे बमोजिम ......................... विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यको लागि श्री ..................... लाई उमेदवार मनोनयन गर्नुभएको प्रस्तावको म समर्थन गर्दछु ।
....................... विद्यालयको अभिभावक नामावलीमा मेरो नाम समावशे भएको छ । तत्सम्बन्धी विवरण देहायबमोजिम छ ।
१. पूरा नाम थर : .................................................... उमेर

................ वर्ष................. लिङ्ग : महिला/पुरुष

ठेगाना ...........................................
२. अभिभावक नामावलीमा अभिभावक क्रम संख्याः
मितिः ......................

समर्थक

(मनोनित उमेदवारले भर्ने)

मलाई श्री .................................. ले प्रस्ताव गरी उमेदवार मनोनयन गरे बमोजिम ................ विद्यालयको विद्यालय व्यावस्थापन समितिको सदस्यको लागि उमेदवार हुन मेरो मञ्जुरी छ । म शिक्षा ऐन तथा नियमावलीप्रति पूर्ण निष्ठावान रहनेछु । प्रचलित कानुन तथा उमेदवारको हैसियतले पालन गर्नुपर्ने आचारसंहिता पूर्ण रुपमा पालना गर्नेछु । शिक्षा ऐन तथा नियमावली र विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०७० बमोजिम सदस्य हुन मेरो योग्यता पुगेको छ । यो मनोनयन पत्र साथ निम्न लिखित कागजजात संलग्न गरेको छु ।

१. विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि बमोजिम रु ................ धरौटी राखेको नगदी रसिद ।
२. अभिभावक नामावलीको उतार प्रमाणित गरिएको पत्र ।

मिति :

.........................

उमेदवार

(छनौट सहयोग समितिले भर्ने)

यो मनोनयन पत्र मिति ............................ का दिन ................ बजे उमेदवार/प्रस्तावक/प्रतिनिधि श्री ........................... ले छनौट सहयोग समिति समक्ष प्रस्तुत गरेको हो ।

निर्णयः

शिक्षा ऐन तथा नियमावली,स्थानीय शिक्षा ऐन २०७४, विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०७० बमोजिम यस मनोनयनपत्रको जाँच गरी देहायबमोजिम निर्णय गरिएको छ ।
निर्णयको विवरण

...........................................

मिति : छनौट सहयोग समिति

## अनुसूची : ३

(नियम १८ सँग सम्बन्धित)
मनोनयन दर्ता भएको उमेदवारको नामावलीको सूची

श्री ........................................ विद्यालय
वि.व्य.स.सदस्य छनौट सहयोग समिति ।

विद्यालय व्यवस्थापन समितिका सदस्यको लागि उमेदवार हुन देहायका व्यक्तिहरूको मनोनयन पत्र दर्ता भएकोले उमेदवारको नामावलीको सूची प्रकाशन गरिएको छ ।

| क.स. | मनोनयन पत्र दर्ता नं. | पद | पूरा नाम | उमेर | लिङ्ग | ठेगाना | अभिभावक नामावलीमा क्रम संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

मिति :

समय :

.....................
छनौट सहयोग समिति

अनुसूची : ४

(नियम १९ सँग सम्बन्धित)

उजुरी दर्ताको सूचना

................................ विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य उमेदवार मनोनयन भई मनोनयन पत्र दर्ता भएका निम्नलिखित व्यक्तिहरूको उजुरी दर्ता भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित भएको छ । सम्बन्धित पक्षहरूले आफ्नो सबुत प्रमाणसाथ मिति ........................ का दिन ............ बजे छनौट समितिमा अनिवार्य रुपमा उपस्थित हनु समते यसै सूचनाद्धारा जानकारी गराइएको छ ।

| क.स. | उजुरी दर्ता नं. | उजुरीकर्ताको विवरण | | | | विपक्षी उमेदवारको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | ठेगाना | मनोनयन पत्र दर्ता नं. | उजुरीको व्यहोरा | नाम | ठेगाना | मनोनयन दर्ता नं. |
| | | | | | | | | |

मिति :                                                  ....................

समय :                                                  छनौट सहयोग समिति

## अनुसूची : ५

(नियम २२ सँग सम्बन्धित)

................................ विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको लागि यस छनौट सहयोग समितिमा दर्ता भएका मनोनयनपत्र मिति ................ मा जाँच गर्दा कानून बमोजिम कायम रहेका तपसील बमोजिमका उमेदवारको नामावली प्रकाशित गरिएको छ।

| क.स. | मनोनयन पत्र दर्ता नं. | पद | पूरा नाम | उमेर | लिङ्ग | ठेगाना | अभिभावक नामवलीमा क्रमसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अनुसूची : ६

(नियम २३ सँग सम्बन्धित)

## नाम फिर्ता लिने सूचना

श्री छनौट सहयोग समिति
.................................. विद्यालय
..........................

विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हुन मेरो मनोनयन पत्र मिति ............. मा दर्ता भएको र मिति ................. मा प्रकाशित उमेदवारको नामवलीमा मेरो नाम समावेश भई म उमेदवार कायम भएकोमा हाल मलाई यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यको उमेदवार हुन इच्छा नभएकाले मिति ................ मा प्रकाशित उमेदवारको नामावलीबाट राजी खुशीले आफ्नो नाम फिर्ता लिएको व्यहोरा सूचना गरेको छु। मेरो नाम उमेदवारको नामावलीबाट हटाइ पाउन अनुरोध छ।
मिति :

सहि : पूरा

नाम :

यस बमोजिमको सूचना उमेदवार/उमेदवारको प्रतिनिधिद्धारा मिति ............... मा ............ बजे प्राप्त भयो।

.......................
छनौट सहयोग समिति

अनुसूची : ७

(नियम २३ सँग सम्बन्धित)

## नाम हटाइएको सूचना

विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हुन मनोनयन दर्ता श्री ……….. ले नाम फिर्ता लिनका लागि मिति ………………… मा निवेदन पेश गरेकाले निजको नाम उमेदवारको नामावली सूचीबाट हटाई यो सूचना प्रकाशित गरिएको छ।

मिति :

…………………………

छनौट सहयोग समिति

अनुसूची : ८
(नियम २४ सँग सम्बन्धित)

उमेदवारको अन्तिम नामवली

........................... विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हनु मनोनयन पत्र दर्ता भई मिति ............. मा प्रकाशित उमेदवारको नामावली अनुसारका उमेदवारमध्ये अन्तिम रुपमा कायम रहन आएका उमेदवारको अन्तिम नामावली तपसील बमोजिम प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क.स. | मनोनयन पत्र दर्ता नं. | पद | पूरा नाम | उमेर | लिङ्ग | ठेगाना | अभिभावक नामवलीमा कमसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

मिति :

समय :

...............................
छनौट सहयोग समिति

अनुसूची : ९

(नियम २५ सँग सम्बन्धित)

उमेदवारको अन्तिम नामावली

........................... विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य पदमा एकमात्र उमदेवार कायम भएकोले निज यस विद्यालयको सदस्य पदमा निर्विरोध छनौट भएको घोषणा गर्दछौ ।

पूरा नाम थर :

उमेर : लिङ्ग : ठेगाना :

मिति :

समय :

छनौट सहयोग समिति

अनुसूची : १०

(नियम २६ सँग सम्बन्धित)

निर्वाचन चिन्ह प्रदान गरेको सूचना

........................... विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको छनौटको लागि उमेदवारहरूको अन्तिम नामावलीमा कायम रहेका देहायबमोजिमका उमेदवारहरूलाई देहाय बमोजिम निर्वाचन चिन्ह मतदान प्रयोजनको लागि तोकिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | उमेदवारको नाम | ठेगाना | निर्वाचन चिन्ह | पद |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्वाचन चिन्हका नमूना :
वि.व्य.स. सदस्यको लागि निर्वाचन चिन्ह : ग्लोब, स्केल, भबिल, गुच्चा, भलिबल, विद्यालय भवन, कुर्ची, टेबल आदि ।

मिति : ....................

समय : छनौट सहयोग समिति

**आज्ञाले**

**भेषराज आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**